फोन ४२००३६५

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं.

(स्थानीय तह क्षमता विकास शाखा)

प.स.२०८२/८३

चलानी नं ६३

मितिः २०८३ वैशाख ३१

विषयः प्रतिवेदन सम्बन्धमा।

श्री स्थानीय तह, सबै।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरिएको **"स्थानीय तहको संस्थागत क्षमता विकास अवस्था विश्लेषण तथा क्षेत्र पहिचान प्रतिवेदन"** यसैसाथ संग्लन गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०८३/०१/३१

अनन्तराज न्यौपाने

(शाखा अधिकृत)

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः मन्त्रालयको Website मा Upload गरिदिनु हुन।

*व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन*

इमेलः local.capacity.section@gmail.com, local.capacity.section@mofaga.gov.np | वेबसाइटः http://mofaga.gov.np

CamScanner

# स्थानीय तहको संस्थागत क्षमता विकास अवस्था विश्लेषण तथा क्षेत्र पहिचान

# प्रतिवेदन

## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

क्षमता विकास शाखा

सिंहदरवार काठमाडौं

# विषयसूची

## खण्ड एक

### परिचय

पृष्ठ नं.


१.पृष्ठभूमि........................................................................................ १
१.२. उद्देश्य........................................................................................ १
१.३ क्रियाकलापहरु........................................................................................ १
१.४ कार्यदल गठन........................................................................................ २
१.४.१कार्यदलको कार्यविवरण........................................................................................ २
१.४.२प्रकृया र ढाँचा........................................................................................ ३


## खण्ड दुई

### स्थानीय तहको क्षमता विकासको अवस्था पहिचान तथा मूल्यांकनका आधार


२. मूल्यांकनका आधार........................................................................................ ४
२.१ स्थानीय तह छनौटको आधार........................................................................................ ५


## खण्ड तीन

### स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA)को विश्लेषण


३. समग्र विश्लेषण........................................................................................ ६
३.१स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) तर्फको विश्लेषण........................................................................................ ६
३.१.१ आ.व.२०७९।०८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा सबैभन्दा बढी अंक प्राप्त गर्ने २० वटा स्थानीय तहकोनतिजा........................................................................................ ६

३.१.२ आ.व.२०८०।०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा सबैभन्दा बढी अंक प्राप्त गर्ने २० वटा स्थानीय तहको नतिजा ...................... ७
३.१.३ आ.व.२०७९।०८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा सबैभन्दा कम अंक प्राप्त गर्ने २० वटा स्थानीय तहको नतिजा ..................... ८
३.१.४ आ.व.२०८०।०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा सबैभन्दा कम अंक प्राप्त गर्ने २० वटा स्थानीय तहकोनतिजा ..................... ९

३.१.५ क्षेत्रगत विश्लेषण ...................................................... १०

**३.१.५.१ शासकीय प्रबन्ध ...................................................... १०**

**३.१.५.२ संगठन तथा प्रशासन...................................................... ११**

**३.१.५.३ वार्षिकबजेट तथा योजना तर्जुमा व्यवस्थापन .............................. १३**

**३.१.५.४ वित्तीयएवम् आर्थिक व्यवस्थापन.......................................... १४**

**३.१.५.५ सेवा प्रवाह...................................................... १६**

**३.१.५.६ न्यायिककार्यसम्पादन ...................................................... १८**

**३.१.५.७ भौतिकपूर्वाधार ...................................................... १९**

**३.१.५.८ सामाजिकसमावेशीकरण ...................................................... २१**

**३.१.५.९ वातावरणसंरक्षण तथा विपद् व्यवस्थापन .................................. २२**

**३.१.५.१० सहकार्य र समन्वय ...................................................... २४**

३.१.६ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) तर्फको समग्रविश्लेषण ......... २५

**३.२ स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) तर्फको विश्लेषण ...................... २६**

३.२.१ आ.व.२०७९।०८० को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा सबैभन्दा बढी अंक प्राप्त गर्ने २० वटा स्थानीय तहकोनतिजा .................. २६
३.२.२ आ.व.२०८०।०८१ को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा सबैभन्दा बढी अंक प्राप्त गर्ने २० वटा स्थानीय तहकोनतिजा .................. २७

३.२.३ आ.व.२०७९।०८० को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा सबैभन्दा कम अंक प्राप्त गर्ने २० वटा स्थानीय तहकोनतिजा .............. २८
३.२.४ आ.व.२०८०।०८१ को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा सबैभन्दा कम अंक प्राप्त गर्ने २० वटा स्थानीय तहकोनतिजा .................. २९
**३.३ दुवै मूल्याङ्कनमा सबैभन्दा कम अंक प्राप्त गर्ने स्थानीय तह.................................. २९**
**३.४प्रदेशगत विश्लेषण.........................................................................** ३०
३.४.१ कोशी प्रदेश .................................................................... ३०
**३.४.१.१ न्यूनतम अंक प्राप्त ..........................................................** ३०
**३.४.१.२ अधिकतम अंक प्राप्त ..........................................................** ३१
३.४.२ मधेश प्रदेश .................................................................... ३१
**३.४.२.१ न्यूनतम अंक प्राप्त ..........................................................** ३१
**३.४.२.२ अधिकतम अंक प्राप्त ..........................................................** ३२
३.४.३ बागमती प्रदेश .................................................................. ३३
**३.४.३.१ न्यूनतम अंक प्राप्त ..........................................................** ३३
**३.४.३.२ अधिकतम अंक प्राप्त ..........................................................** ३४
३.४.४ गण्डकी प्रदेश .................................................................. ३४
**३.४.४.१ न्यूनतम अंक प्राप्त ..........................................................** ३५
**३.४.४.२ अधिकतम अंक ..............................................................** ३५
३.४.५ लुम्बिनी प्रदेश ................................................................. ३५
**३.४.५.१ न्यूनतम अंक प्राप्त ..........................................................** ३६
**३.४.५.२ अधिकतम अंक प्राप्त ..........................................................** ३७
३.४.६ कर्णाली प्रदेश .................................................................. ३७

**३.४.६.१ न्यूनतम अंक प्राप्त ............................................................** ३७

**३.४.६.२ अधिकतम अंक प्राप्त ............................................................** ३७

३.४.७ सुदूर पश्चिम प्रदेश ........................................................................ ३८

**३.४.७.१ न्यूनतम अंक प्राप्त ............................................................** ३८

**३.४.७.२ अधिकतम अंक प्राप्त ............................................................** ३९

**३.५समग्र मूल्याङ्कन विश्लेषण**............................................................ ४०

३.५.१ आ.व. २०८०।०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र वित्तीय जोखिम मूल्यांकन (FRA) को अधिकतम अंक प्राप्त २० स्थानीय तहको नतिजा............................................................ . ४०

३.५.२ आ.व. २०८०।०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र वित्तीय जोखिम मूल्यांकन (FRA) को न्यूनतम अंक प्राप्त २० स्थानीय तहकोनतिजा ............................................................ . ४१

## खण्ड चार

## निष्कर्ष

**४. निष्कर्ष ............................................................................** ४३

**४.१ प्राथमिकताका क्षेत्रहरु ............................................................** ४३

**४.२ पहिलो प्राथमिकतामा क्षमता विकास गर्नुपर्ने स्थानीय तहहरु ..................................** ४४

## खण्ड एक

# परिचय

## १.पृष्ठभूमिः

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानूनी व्यवस्थाले स्थानीय तहलाई नागरिकको नजिकको सरकारको रुपमा निर्दिष्ट गरेको छ। विकास, नियमन, सेवा प्रवाह लगायतका अधिकांश अधिकार र सेवा प्रवाहको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको कारण जनताको नजिकको सरकारको प्रत्याभूति दिलाउने अवसर सिर्जना समेत स्थानीय तहलाई रहेको छ। यद्यपि अझै पनि अधिकांश स्थानीय तहहरुले आफ्नो अधिकारको प्रभावकारी उपयोग गर्न सकेको पाइदैन। यसका लागि स्थानीय तहको संस्थागत क्षमता सबल बनाउनु जरुरी छ। स्थानीय तहहरुले आफ्नो अधिकारको उपयोगको सन्दर्भमा रहेको अवस्था व्यवस्था त्यसबीच रहेको अन्तर र आगामी रणनीति तय गर्न समेत स्थानीय तहको संस्थागत क्षमता विकास अवस्था विश्लेषण तथा क्षेत्र पहिचान प्रतिवेदन प्रकाशनले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

## १.२. उद्देश्य

- स्थानीय तहको वर्तमान संस्थागत क्षमता (प्रशासनिक, वित्तीय, प्राविधिक, मानव संसाधन) को विश्लेषण गर्नु
- स्थानीय तहमा रहेका सबल पक्ष, चुनौतीहरू र अवसरहरूको पहिचान गर्नु
- जनशक्ति विकास, कानुनी तथा नीतिगत सुधार, वित्तीय व्यवस्थापन, प्रविधि प्रयोग, र सुशासन प्रवर्द्धन जस्ता क्षेत्रमा क्षमता विकासका लागि सुधारका क्षेत्रहरू पहिचान गरी मार्गनिर्देशन गर्नु
- नीति निर्माण तथा योजना तर्जुमामा सहयोग पुर्‍याउदै संघ, प्रदेश र स्थानीय कानुन, नीति र कार्यक्रमहरू बीच सामन्जस्यता कायम गर्न उत्प्रेरित गर्नु
- प्रभावकारी सेवा प्रवाह र सुशासन प्रवर्द्धनमा सुधार गर्नु
- प्रतिवेदन प्रकाशन गरी स्थानिय तहको संस्थागत क्षमताको बर्तमान अबस्थाको चित्रण गरी क्षमता बिकासका सम्बन्धमा लिनुपर्ने भावी रणनीति तयार गर्नु ।

## १.३ क्रियाकलापहरु

स्थानीय तहको संस्थागत क्षमता विकास अवस्था विश्लेषण तथा क्षेत्र पहिचान प्रतिवेदन प्रकाशनका तपसिल बमोजिमका क्रियाकलापहरू सञ्चालन गरिनेछः

**तपसिल**

- तथ्याङ्क संकलन तथा विश्लेषण गर्ने ।
- स्थानीय तहको SWOT Analysis गर्ने
- स्थानीय तहका कमजोर पक्षहरुको सुधारका उपायहरुको पहिचान गर्ने
- भावी रणनीति तयार गर्ने

## १.४ कार्यदल गठन

स्थानीय तहहरुले आफ्नो अधिकारको उपयोगको सन्दर्भमा रहेको अवस्था व्यवस्था त्यसबीच रहेको अन्तर र आगामी रणनीति तय गर्न समेत स्थानीय तहको संस्थागत क्षमता विकास अवस्था विश्लेषण तथा क्षेत्र पहिचान प्रतिवेदन प्रकाशनले महत्वपूर्ण भूमिका खेल्ने भएकोले प्रतिवेदन प्रकाशनका लागिक्षेत्र निर्धारण, सूचकको निर्धारण ,तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण र प्रतिवेदन तयारी तथा प्रकाशन गर्नका लागि क्षमता विकास महाशाखा प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको एक सहजीकरण कार्यदल गठन गरिएको थियो ।

| क्र.सं. | पदाधिकारी/प्रतिनिधि | कार्यालय/निकाय | जिम्मेवारी |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | क्षमता विकास महाशाखा | संयोजक |
| २ | शाखा प्रमुख | क्षमता विकास शाखा | सदस्य |
| ३ | शाखा प्रमुख | स्थानीय तह स्रोत परिचालनसमन्वय शाखा | सदस्य |
| ४ | शाखा प्रमुख | सुशासन प्रवर्द्धन शाखा | सदस्य |
| ५ | शाखा प्रमुख | कानुन तथा फैसला कार्यान्वयन शाखा | सदस्य |
| ६ | शाखा प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| ७ | राष्ट्रिय कार्यक्रम व्यवस्थापक | प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) | सदस्य |
| ८ | प्रतिनिधि | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | सदस्य |
| ९ | शाखा अधिकृत | क्षमता विकास शाखा | सदस्य सचिव |

### १.४.१कार्यदलको कार्यविवरण

१) क्षमता विकासको अवस्था पहिचान गर्न मूल्याङ्कनका आधार तय गर्ने

२) सूचकहरु निर्धारण गर्ने

३) तथ्याङ्क संकलनको विधि नमूना छनौट विश्लेषणको विधि लगायतका विषय तय गर्ने

४) प्रतिवेदनको मस्यौदा तयार गर्ने गराउने

५) सुधारका लागि सुझावहरु पहिचान गर्ने

६) प्रतिवेदन तयार गर्ने

### १.४.२प्रक्रिया र ढाँचाः

यस प्रतिवेदनको तयारी र प्रकाशनका लागि निम्न प्रक्रिया र ढाँचा अवलम्वन गरिएको छ ।

**क)कार्यदल गठनः** स्थानीय तह क्षमता विकास महाशाखा प्रमुखको संयोजकत्वमा आवश्यकता अनुसार बैठक बस्ने गरी स्थानीय तह क्षमता विकास शाखा, योजना तथा अनुगमन शाखा, सुशासन प्रवर्द्धन शाखा, स्थानीय तह स्रोत परिचालन शाखा, स्थानीय तहका महासंघ, प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रमको प्रतिनिधि सहितको कार्यदल गठन भएको ।

**ख)औजारहरु (प्रश्नावली, अन्तर्वार्ता, FGD) विकास गर्नेः** उपलब्ध श्रोत जनशक्ति र समय समेतका आधारमा द्वितीय तथ्याङ्कलाई नै आधार लिने कार्यदलबाट निर्णय भएबमोजिम स्थानीय तह स्वमूल्याङ्कन प्रणाली र स्थानीय तह वित्तीय जोखिम मूल्याङ्कनको आ.व. २०८०/०८१ को तथ्याङ्कका आधारमा क्षेत्रगत अवस्था र स्थानीय तहको विश्लेषण गरि प्रतिवेदन तयार गरिएको छ ।

**ग)सूचकहरूको विकासः**द्वितीय तथ्याङ्कका रुपमा रहेका सूचकहरू ( Indicators) लाई नै आधार लिइ सूचकहरुको प्रयोग तथा विश्लेषण गरिएको छ ।

खण्ड दुई

# स्थानीय तहको क्षमता विकासको अवस्था पहिचान तथा मूल्याङ्कनका आधार

## २. मूल्याङ्कनका आधार

स्थानीय तहको क्षमता विकासको अवस्था पहिचान तथा मूल्याङ्कनका आधार तय गर्ने र सुचकहरु निर्धारण गर्न देहाय बमोजिमको मूल्याङ्कनका आधारहरु तय गरिएको छ ।

**कुलमूल्याङ्कनको अङ्कभार १००**

१. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रणाली ७० अङ्क

२. स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन ३० अङ्क

उल्लिखित कुल १०० अङ्कभार मध्ये स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA)को नतिजा मूल्याङ्कन नभएका स्थानीय तहका हकमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रणाली (LISA)को अङ्कलाई नै शत प्रतिशत मूल्याङ्कनअङ्कभार कायम गर्ने गरि निर्णय गरिएको थियो ।

उल्लेखित मूल्याङ्कनको आधार (Assessment Basis) बाट प्राप्त अङ्कलाई देहाय बमोजिमको स्तरमा मापन गरिएको छ ।

| सि.नं | औसत अङ्क | मापनको स्तर |
|---|---|---|
| १ | ३० सम्म | अत्यन्त कमजोर |
| २ | ३० भन्दा बढी -५० सम्म | कमजोर |
| ३ | ५० भन्दा बढी -६०सम्म | मध्यम |
| ४ | ६० भन्दा बढी -८०सम्म | राम्रो |
| ५ | ८० भन्दा बढी-१००सम्म | उत्कृष्ट |

## २.१ स्थानीय तह छनौटको आधार

स्थानीय तह छनौटको आधार देहाय बमोजिम तय गर्ने र यो आधार यो क्रियाकलाप अनुसारको प्रतिवेदन तयारीको लागि मात्र लिइएको छ ।

- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा पछिल्लो आर्थिक वर्ष न्युनतम अङ्क हासिल गरेका मध्येबाट २० वटा स्थानीय तह ।
- स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा पछिल्लो आर्थिक बर्ष सम्म न्युनतम अङ्क हासिल गरेका मध्येबाट २० स्थानीय तह ।
- सबै प्रदेशका न्युनतम अङ्क हासिल गर्ने बुदा नं १ र २ मा नपरेका अवस्थामा एक प्रदेशका कम्तिमा २ वटा स्थानीय तहहरु ।
- हिमाल,पहाड र तराईमा रहेका स्थानीय तहहरु मध्ये बुदा नं १,२ र ३ मा नपरेको अवस्थामा गा.पा र न.पा समेत समेटिने गरि कम्तिमा ३ वटा स्थानीय तह ।
- कम्तीमा ५० वटा स्थानीय तह ।

LISA र FRA को मूल्याङ्कन तथा नतिजाका आधारमा उत्कृष्ट २० र न्यूनतम २० वटा स्थानीय तहको विवरण र प्राप्त नतिजालाई मुख्य आधार मानी क्षमता विश्लेषण गरिएको छ ।

खण्ड तीन

# स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA)को विश्लेषण

## ३. समग्र विश्लेषण

यस खण्डमा LISA र FRA को पछिल्लो दुइ बर्षको मूल्याङ्कनलाई आधार लिई विश्लेषण गरिएको छ । उच्च र न्यून २० वटा स्थानीय तहको विश्लेषण गर्दा पछिल्लो दुइ बर्षको तथ्याङ्कलाई आधार लिइएको छ भने केही पक्षमा पछिल्लो एक आर्थिक वर्षको तथ्याङ्कलाई समेत आधारका रुपमा लिइ विश्लेषण गरिएको छ ।

## ३.१स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA) तर्फको विश्लेषण

क्षमता विश्लेषण गर्दा मूल्याङ्कनका निम्न १० वटा क्षेत्रमा मूल्याङ्कन गरिएको छ ।प्रत्येक क्षेत्रको पूर्णाङ्क १० मा रहेर मापन तथा मूल्याङ्कन गरिएको छ ।

१. शासकीय प्रवन्ध
२. संगठन तथा प्रशासन
३. वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापन
४. वित्तीय एवम् आर्थिक व्यवस्थापन
५. सेवा प्रवाह
६. न्यायिक कार्यसम्पादन
७. भौतिक पूर्वाधार
८. सामाजिक समावेशीकरण
९. वातावरण संरक्षण तथा विपद् व्यवस्थापन
१०. सहकार्यरसमन्वय

### ३.१.१ आ.व.२०७९।०८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा सबै भन्दा बढी अङ्क प्राप्त गर्ने २० वटा स्थानीय तहकोनतिजा

| सि.नं. | स्थानीय तहकोनाम | जिल्ला | प्रदेश | कायम भएको अङ्क |
|---|---|---|---|---|
| १ | नीलकण्ठ नगरपालिका | धादिङ | बाग्मती प्रदेश | ९२.५ |
| २ | तिलोत्तमा नगरपालिका | रुपन्देही | लुम्बिनी प्रदेश | ९२ |
| ३ | रत्ननगर नगरपालिका | चितवन | बाग्मती प्रदेश | ९१.५ |

| | | | | |
|---|---|---|---|---|
| ४ | खैरहनी नगरपालिका | चितवन | बाग्मती प्रदेश | ८९.७५ |
| ५ | ईलाम नगरपालिका | इलाम | कोशी प्रदेश | ८९.५ |
| ६ | सूर्योदय नगरपालिका | इलाम | कोशी प्रदेश | ८८.२५ |
| ७ | त्रिवेणीनलगाड  नगरपालिका | जाजरकोट | कर्णाली प्रदेश | ८८ |
| ८ | बुटवल उपमहानगरपालिका | रुपन्देही | लुम्बिनी प्रदेश | ८७.७५ |
| ९ | बेनीघाटरोराङ्ग  गाउँपालिका | धादिङ | बाग्मती प्रदेश | ८७.२५ |
| १० | बेनी नगरपालिका | म्याग्दी | गण्डकी प्रदेश | ८७ |
| ११ | रूरू गाउँपालिका | गुल्मी | लुम्बिनी प्रदेश | ८७ |
| १२ | गैडाकोट नगरपालिका | नवलपरासीपूर्व | गण्डकी प्रदेश | ८७ |
| १३ | ईन्द्रावती गाउँपालिका | सिन्धुपाल्चोक | बाग्मती प्रदेश | ८७ |
| १४ | राप्ती गाउँपालिका | दाङ | लुम्बिनी प्रदेश | ८६.७५ |
| १५ | बनेपा नगरपालिका | काभ्रेपलान्चोक | बाग्मती प्रदेश | ८६.५ |
| १६ | हेटौडा उपमहानगरपालिका | मकवानपुर | बाग्मती प्रदेश | ८६.५ |
| १७ | चौतारा साँगाचोकगढी  नगरपालिका | सिन्धुपाल्चोक | बाग्मती प्रदेश | ८६.२५ |
| १८ | अर्जुनचौपारी गाउँपालिका | स्याङग्जा | गण्डकी प्रदेश | ८६ |
| १९ | जलजला गाउँपालिका | पर्वत | गण्डकी प्रदेश | ८६ |
| २० | मदाने गाउँपालिका | गुल्मी | लुम्बिनी  प्रदेश | ८५.७५ |

### ३.१.२ आ.व.२०८०।०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा सबै भन्दा बढी अङ्क प्राप्त गर्ने २० वटा स्थानीय तहकोनतिजा

| सि.नं. | स्थानीय तहकोनाम | जिल्ला | प्रदेश | कायम भएको अङ्क |
|---|---|---|---|---|
| १. | नीलकण्ठ नगरपालिका | धादिङ | बाग्मती | ९३.५० |
| २. | खैरहनी नगरपालिका | चितवन | बाग्मती | ९२.७५ |
| ३. | बेनीघाटरोराङ्ग  गाउँपालिका | धादिङ | बाग्मती | ९१.७५ |
| ४. | तिलोत्तमा नगरपालिका | रुपन्देही | लुम्बिनी | ९१.२५ |
| ५. | देबदह नगरपालिका | रुपन्देही | लुम्बिनी | ९०.७५ |
| ६. | सूर्योदय नगरपालिका | इलाम | कोशी | ९०.५० |
| ७. | ईलाम नगरपालिका | इलाम | कोशी | ९०.०० |
| ८. | रूरू गाउँपालिका | गुल्मी | लुम्बिनी | ९०.०० |
| ९. | बाणगंगा नगरपालिका | कपिलवस्तु | लुम्बिनी | ८९.७५ |

| | | | | |
|---|---|---|---|---|
| १०. | रत्ननगर नगरपालिका | चितवन | बाग्मती | ८९.०० |
| ११. | अर्जुनचौपारी गाउँपालिका | स्याङ्गजा | गण्डकी | ८८.७५ |
| १२. | तानसेन नगरपालिका | पाल्पा | लुम्बिनी | ८८.७५ |
| १३. | बुटवल उपमहानगरपालिका | रुपन्देही | लुम्बिनी | ८८.५० |
| १४. | सिद्धार्थ नगरनगरपालिका | रुपन्देही | लुम्बिनी | ८८.५० |
| १५. | ललितपुर महानगरपालिका | ललितपुर | बाग्मती | ८८.२५ |
| १६. | मेलम्ची नगरपालिका | सिन्धुपाल्चोक | बाग्मती | ८८.२५ |
| १७. | भीरकोट नगरपालिका | स्याङ्गजा | गण्डकी | ८८.२५ |
| १८. | नारायण नगरपालिका | दैलेख | कर्णाली | ८८.२५ |
| १९. | सूर्यविनायक नगरपालिका | भक्तपुर | बाग्मती | ८८.०० |
| २०. | जलजला गाउँपालिका | पर्वत | गण्डकी | ८८.०० |

**३.१.३ आ.व.२०७९।०८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा सबैभन्दा कम अङ्क प्राप्त गर्ने २० वटा स्थानीय तहकोनतिजा**

| क्र.सं. | स्थानीय तहकोनाम | जिल्ला | प्रदेश | कायम भएको अङ्क |
|---|---|---|---|---|
| १ | सोनमा गाउँपालिका | महोत्तरी | मधेश प्रदेश | १२.५ |
| २ | गढीमाई नगरपालिका | रौतहट | मधेश प्रदेश | २०.५ |
| ३ | सिम्रौनगढ नगरपालिका | बारा | मधेश प्रदेश | २१ |
| ४ | नवराजपुर गाउँपालिका | सिराहा | मधेश प्रदेश | २२.७५ |
| ५ | फतुवा बिजयपुर नगरपालिका | रौतहट | मधेश प्रदेश | २४ |
| ६ | सबैला नगरपालिका | धनुषा | मधेश प्रदेश | २५.२५ |
| ७ | धोबीनी गाउँपालिका | पर्सा | मधेश प्रदेश | २५.७५ |
| ८ | मोहन्याल गाउँपालिका | कैलाली | सुदुर पश्चिम प्रदेश | २६.२५ |
| ९ | सोताङ गाउँपालिका | सोलुखुम्बू | कोशी प्रदेश | २७.२५ |
| १० | महोत्तरी गाउँपालिका | महोत्तरी | मधेश प्रदेश | २९.५ |
| ११ | प्रसौनी गाउँपालिका | बारा | मधेश प्रदेश | ३१.२५ |
| १२ | कालिकामाई गाउँपालिका | पर्सा | मधेश प्रदेश | ३१.७५ |
| १३ | छिन्नमस्ता गाउँपालिका | सप्तरी | मधेश प्रदेश | ३२ |
| १४ | फेटा गाउँपालिका | बारा | मधेश प्रदेश | ३३.५ |

| | | | | |
|---|---|---|---|---|
| १५ | लिखु पिके गाउँपालिका | सोलुखुम्बू | कोशी प्रदेश | ३३.७५ |
| १६ | महादेवा गाउँपालिका | सप्तरी | मधेश प्रदेश | ३३.७५ |
| १७ | बौधीमाई नगरपालिका | रौतहट | मधेश प्रदेश | ३४ |
| १८ | धनुषाधाम नगरपालिका | धनुषा | मधेश प्रदेश | ३४.२५ |
| १९ | सुवर्ण गाउँपालिका | बारा | मधेश प्रदेश | ३५ |
| २० | राजगढ गाउपालिका | सप्तरी | मधेश प्रदेश | ३५.७५ |

## ३.१.४आ.व.२०८०।०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा सबैभन्दा कमअङ्क प्राप्त गर्ने २० वटा स्थानीय तहकोनतिजा

| सि.नं. | स्थानीय तहकोनाम | जिल्ला | प्रदेश | गुणस्तर परीक्षण पश्चात कायम भएको अङ्क |
|---|---|---|---|---|
| १. | सोनमा गाउँपालिका | महोत्तरी | मधेश | १४.०० |
| २. | औरही गाउँपालिका | सिराहा | मधेश | १९.७५ |
| ३. | बिन्दबासिनी गाउँपालिका | पर्सा | मधेश | २१.०० |
| ४. | बहुदरमाई नगरपालिका | पर्सा | मधेश | २१.७५ |
| ५. | पकाहामैनपुर गाउँपालिका | पर्सा | मधेश | २९.७५ |
| ६. | फेटा गाउँपालिका | बारा | मधेश | ३१.२५ |
| ७. | मेलौली नगरपालिका | बैतडी | सुदुरपश्चिम | ३१.२५ |
| ८. | सखुवाप्रसौनी गाउँपालिका | पर्सा | मधेश | ३२.७५ |
| ९. | कालिकामाई गाउँपालिका | पर्सा | मधेश | ३३.२५ |
| १०. | एकडारा गाउँपालिका | महोत्तरी | मधेश | ३४.२५ |
| ११. | शहीदनगर नगरपालिका | धनुषा | मधेश | ३५.०० |
| १२. | बलवा नगरपालिका | महोत्तरी | मधेश | ३५.२५ |
| १३. | फतुवाबिजयपुर नगरपालिका | रौतहट | मधेश | ३५.२५ |
| १४. | गोडैटा नगरपालिका | सर्लाही | मधेश | ३५.७५ |
| १५. | कल्याणपुर नगरपालिका | सिराहा | मधेश | ३६.२५ |
| १६. | धनौजी गाउँपालिका | धनुषा | मधेश | ३६.५० |
| १७. | धोबीनी गाउँपालिका | पर्सा | मधेश | ३७.०० |
| १८. | बिष्णुपुर गाउँपालिका | सप्तरी | मधेश | ३७.७५ |
| १९. | धनकौल गाउँपालिका | सर्लाही | मधेश | ३८.५० |

| | | | | |
|---|---|---|---|---|
| २०. | विष्णुपुर गाउँपालिका | सिराहा | मधेश | ३८.७५ |

उल्लेखित नतिजाका आधारमा सबै भन्दा कम अङ्क प्राप्त गर्ने स्थानीय तहहरुमा मूल्याङ्कनका १० वटा क्षेत्रको अवस्था देहाय बमोजिम रहेको पाइन्छ ।प्रत्येक क्षेत्रको पूर्णांक १० रहेकोमा प्राप्त अङ्कको अवस्थादेहाय बमोजिम रहेको छ ।

## ३.१.५क्षेत्रगत विश्लेषण

आ व २०८०।०८१ कोस्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन (LISA) तर्फको विभिन्न १० वटा क्षेत्रगत मूल्याङ्कनमा न्यूनतम अङ्क प्राप्त गर्ने २० वटा स्थानीय तहको अवस्था तलका तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

### ३.१.५.१शासकीय प्रबन्ध

यस अन्तर्गत निम्न सूचकहरु रहेका छन् ।

- सभाको सञ्चालन प्रकृया स्थानीय सरकार सञ्चालन ऐनको दफा १९ बमोजिम सञ्चालन गरेको हुनुपर्ने,
- कार्यपालिकाको निर्णय प्रकृया स्थानीय सरकार सञ्चालन ऐनको दफा १७ बमोजिम सञ्चालन गरेको हुनुपर्ने,
- सभा वा कार्यपालिकाले बनाएका ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड तथा निर्णयहरुकोसार्वजनिकीकरण गरेको हुनुपर्ने(स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२),
- सभा र कार्यपालिकाका समिति/उपसमिति सञ्चालन सम्बन्धि कार्यविधि निर्माण गरेको,
- आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन भएको,
- स्थानीय तहका पदाधिकारीहरुको सम्पत्ति विवरण स्थानीय सरकार सञ्चालन ऐनको दफा ११० बमोजिम पेश भएको हुनुपर्ने,
- नियमित कार्यपालिकाको वैठक बसेको (स्थानीय सरकार सञ्चालन ऐनको दफा १७),
- लेखा प्रणालीमा SUTRA को प्रयोग भएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७२) ।

| सि.नं. | स्थानीय तहको नाम | जिल्ला | प्रदेश | शासकीय प्रवन्ध |
|---|---|---|---|---|
| १ | बिन्दबासिनी गाउँपालिका | पर्सा | मधेश | १.५० |
| २ | सोनमा गाउँपालिका | महोत्तरी | मधेश | १.५० |
| ३ | बहुदरमाई नगरपालिका | पर्सा | मधेश | २.०० |
| ४ | जनकपुर उपमहानगरपालिका | धनुषा | मधेश | ३.०० |

| | | | | |
|---|---|---|---|---|
| ५ | सखुवाप्रसौनी गाउँपालिका | पर्सा | मधेश | ४.०० |
| ६ | विष्णुपुर गाउँपालिका | सिराहा | मधेश | ४.२५ |
| ७ | अर्नमा गाउँपालिका | सिराहा | मधेश | ४.५० |
| ८ | बिष्णुपुर गाउँपालिका | सप्तरी | मधेश | ४.७५ |
| ९ | छिपहरमाई गाउँपालिका | पर्सा | मधेश | ५.०० |
| १० | महोत्तरी गाउँपालिका | महोत्तरी | मधेश | ५.०० |
| ११ | कल्याणपुर नगरपालिका | सिराहा | मधेश | ५.०० |
| १२ | एकडारा गाउँपालिका | महोत्तरी | मधेश | ५.२५ |
| १३ | कोटहीमाई गाउँपालिका | रुपन्देही | लुम्बिनी | ५.२५ |
| १४ | धोबीनी गाउँपालिका | पर्सा | मधेश | ५.५० |
| १५ | बृन्दावन नगरपालिका | रौतहट | मधेश | ५.५० |
| १६ | तिलाठीकोईलाडी गाउँपालिका | सप्तरी | मधेश | ५.५० |
| १७ | रुपनी गाउँपालिका | सप्तरी | मधेश | ५.५० |
| १८ | तिलागुफा नगरपालिका | कालिकोट | कर्णाली | ५.५० |
| १९ | धनौजी गाउँपालिका | धनुषा | मधेश | ५.७५ |
| २० | पोखरिया नगरपालिका | पर्सा | मधेश | ५.७५ |

उल्लेखित तथ्याङ्क हेर्दा ५ भन्दा कम अङ्क ल्याउने ८ वटा र ६ भन्दा कम अङ्क ल्याउने १२ वटा गरी २० वटै स्थानीय तहको प्राप्तांक ६ भन्दा न्यून रहेको छ ।

### ३.१.५.२ संगठन तथा प्रशासन

यस अन्तर्गत निम्न सूचकहरु रहेका छन् ।

- क्षमता विकास योजना तयार भएको तथा कार्यान्वयन भएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२),
- संघ तथा प्रदेशलाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु नियमित पठाएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७६ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा ३२),
- विषयगत विभाग/महाशाखा/शाखा/उपशाखा/एकाइहरु एवम् जनशक्तिको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरण तयार गरी कार्यान्वयन भएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३)
- ऐन लागू भइसकेपछि स्थायी पदपूर्ति नगर्ने भनिएका पदहरुमा करारबाट मात्र पदपूर्ति भएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ उपदफा ८ र ९),

- कर्मचारीहरुको कार्यसम्पादन सम्झौता भएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२),
- जनशक्तिको क्षमता विकासमा लगानी भएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा २),
- प्रमुख प्रशासकीय अधिकृतको स्थानीय तहमा भएको उपस्थितिको अवधिको अवस्था,
- क्षमता विकास कार्यक्रममा पदाधिकारी र कर्मचारीहरुको सहभागिता (स्थानीय सरकार सञ्चालन ऐनको दफा १० को उपदफा २ बमोजिम बनेको कार्यविधि) ।

| सि.नं. | स्थानीय तहको नाम | जिल्ला | प्रदेश | संगठन तथा प्रशासन |
|---|---|---|---|---|
| १ | बिन्दबासिनी गाउँपालिका | पर्सा | मधेश | १.०० |
| २ | सोनमा गाउँपालिका | महोत्तरी | मधेश | १.०० |
| ३ | औरही गाउँपालिका | सिराहा | मधेश | १.५० |
| ४ | बहुदरमाई नगरपालिका | पर्सा | मधेश | १.७५ |
| ५ | बिदेह नगरपालिका | धनुषा | मधेश | २.०० |
| ६ | बर्दिबास नगरपालिका | महोत्तरी | मधेश | २.५० |
| ७ | साम्सी गाउँपालिका | महोत्तरी | मधेश | २.५० |
| ८ | दुर्गाभगवती गाउँपालिका | रौतहट | मधेश | २.५० |
| ९ | फतुवाबिजयपुर नगरपालिका | रौतहट | मधेश | २.५० |
| १० | कल्याणपुर नगरपालिका | सिराहा | मधेश | २.५० |
| ११ | बटेश्वर गाउँपालिका | धनुषा | मधेश | २.७५ |
| १२ | कालिकामाई गाउँपालिका | पर्सा | मधेश | २.७५ |
| १३ | रामधुनी नगरपालिका | सुनसरी | कोशी | ३.०० |
| १४ | छिपहरमाई गाउँपालिका | पर्सा | मधेश | ३.०० |
| १५ | धोबीनी गाउँपालिका | पर्सा | मधेश | ३.०० |
| १६ | पकाहामैनपुर गाउँपालिका | पर्सा | मधेश | ३.०० |
| १७ | पर्सागढी नगरपालिका | पर्सा | मधेश | ३.०० |
| १८ | फेटा गाउँपालिका | बारा | मधेश | ३.०० |
| १९ | सुवर्ण गाउँपालिका | बारा | मधेश | ३.०० |
| २० | जलेश्वर नगरपालिका | महोत्तरी | मधेश | ३.०० |

उल्लेखित तथ्याङ्क हेर्दा २० वटै स्थानीय तहको प्राप्तांक ३ भन्दा न्यून रहेको छ ।

### ३.१.५.३ वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापन

यस अन्तर्गत निम्न सूचकहरु रहेका छन् ।

- वार्षिक बजेट तथा कार्यक्रम र आवधिक योजनाको तर्जुमा (स्थानीय सरकार सञ्चालन ऐनको दफा २४),
- बजेट तथा कार्यक्रम तर्जुमा र पारित गर्ने कार्यमा सम्बद्ध समितिको सक्रियता र समन्वय (स्थानीय सरकार सञ्चालन ऐनको दफा ६५, ६६ र ६७),
- दीगो विकास लक्ष्यहरुको स्थानीयकरण भएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा २४),
- विषयक्षेत्रगत रुपमा बजेट सिलिङ्ग निर्धारण भएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ६६),
- बजेटको प्रस्तुति तथा स्वीकृती (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७१),
- गैरसरकारी संस्थाहरुले सभाबाट पारित गरि योजना कार्यान्वयन गरेको (स्थानीय सरकार सञ्चालन ऐनको दफा २५),
- कूल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा (अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा ८),
- पाँच लाख भन्दा कम लागतका योजनाले कूल पूँजीगत बजेटमा ओगटेको हिस्सा,
- गत बर्षको तुलनामा वार्षिक आन्तरिक आयको वृद्धि (अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा ८),
- गैसस मार्फत योजना कार्यान्वयन गरेको अवस्थामा गैससको नगद लागत साझेदारी (स्थानीय सरकार सञ्चालन ऐनको दफा २५),
- समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुमा लागत साझेदारीका लागि विनियोजित बजेट (अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा १०) ।

| सि.नं. | स्थानीय तहको नाम | जिल्ला | प्रदेश | वार्षिक बजेट तथायोजना तर्जुमा व्यवस्थापन |
|---|---|---|---|---|
| १ | औरही गाउँपालिका | सिराहा | मधेश | ० |
| २ | कल्याणपुर नगरपालिका | सिराहा | मधेश | १.०० |
| ३ | बिष्णुपुर गाउँपालिका | सप्तरी | मधेश | १.५० |
| ४ | कमला नगरपालिका | धनुषा | मधेश | २.०० |
| ५ | पकाहामैनपुर गाउँपालिका | पर्सा | मधेश | २.०० |
| ६ | बहुदरमाई नगरपालिका | पर्सा | मधेश | २.०० |
| ७ | लक्ष्मीपुरपतारी गाउँपालिका | सिराहा | मधेश | २.२५ |

| | | | | |
|---|---|---|---|---|
| ८ | रोहिणी गाउँपालिका | रुपन्देही | लुम्बिनी | २.५० |
| ९ | कालिकामाई गाउँपालिका | पर्सा | मधेश | २.७५ |
| १० | मिथिला नगरपालिका | धनुषा | मधेश | ३.०० |
| ११ | बिन्दबासिनी गाउँपालिका | पर्सा | मधेश | ३.०० |
| १२ | सखुवाप्रसौनी गाउँपालिका | पर्सा | मधेश | ३.०० |
| १३ | परवानीपुर गाउँपालिका | बारा | मधेश | ३.०० |
| १४ | महोत्तरी गाउँपालिका | महोत्तरी | मधेश | ३.०० |
| १५ | हरिवन नगरपालिका | सर्लाही | मधेश | ३.०० |
| १६ | दक्षिणकाली नगरपालिका | काठमाडौं | बाग्मती | ३.०० |
| १७ | मुड्केचुला गाउँपालिका | डोल्पा | कर्णाली | ३.०० |
| १८ | मेल्लेख गाउँपालिका | अछाम | सुदुरपश्चिम | ३.०० |
| १९ | एकडारा गाउँपालिका | महोत्तरी | मधेश | ३.५० |
| २० | भँगाहा नगरपालिका | महोत्तरी | मधेश | ३.५० |

उल्लेखित तथ्याङ्क हेर्दा ९ वटा स्थानीय तहको ३ भन्दा न्यून र ११ वटा स्थानीय तहको ४ भन्दा न्यून प्राप्ताङ्क रहेको छ । यसरी हेर्दा २० वटै स्थानीय तहको प्राप्तांक ४ भन्दा न्यून रहेको छ ।

### ३.१.५.४ वित्तीय एवम् आर्थिक व्यवस्थापन

यस अन्तर्गत निम्न सूचकहरु रहेका छन् ।

- आफ्नो अधिकारक्षेत्र भित्र रहेका आन्तरिक स्रोतको दर र दायरा सम्बन्धमा अध्ययनबाट सुझावहरु प्राप्त गरी कार्यान्वयन गरेको,
- गत आर्थिक बर्षको अन्तिम लेखापरीक्षण भएको र बेरुजुको न्यूनताको अवस्था,
- आयव्ययको वर्गीकरण तथा लेखाङ्कनका लागि तोकिएको ढाँचाको प्रयोग भएको,
- आयव्ययको विवरण तोकिएको समयभित्र सार्वजनिकीकरण गरेको (अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा ३०),
- प्रचलित कानून बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरी कार्यान्वयन गरेको (सार्वजनिक खरिद ऐनको दफा ६ र स्थानीय सरकार सञ्चालन ऐनको दफा ८४ को उपदफा २ को ट),
- गत आ.व. को वार्षिक बजेट कार्यान्वयनको प्रगति समीक्षा चालु आ.व को पहिलो चौमासिकभित्र गरी सार्वजनिक गरेको(स्थानीय सरकार सञ्चालन ऐनको दफा ७१ को ६),
- तोकिएको सीमा वा शिर्षक बाहिर गई रकमान्तर नभएको,

- आन्तरिक आय र राजस्व बाँडफाँटबाट प्राप्त रकमभन्दा बढी प्रशासनिक खर्च नभएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७१),
- राजस्व अनुमान बमोजिमको राजस्वको प्राप्ति भएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७१)
- प्रमुख वा अध्यक्षले तोकिएको समयभित्र अख्तियारी दिएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७३) ।

| सि.नं. | स्थानीय तहको नाम | जिल्ला | प्रदेश | वित्तीय एवम्आर्थिक व्यवस्थापन |
|---|---|---|---|---|
| १ | ढकारी गाउँपालिका | अछाम | सुदुरपश्चिम | ० |
| २ | सोनमा गाउँपालिका | महोत्तरी | मधेश | ०.५० |
| ३ | औरही गाउँपालिका | सिराहा | मधेश | १.२५ |
| ४ | पकाहामैनपुर गाउँपालिका | पर्सा | मधेश | २.०० |
| ५ | कल्याणपुर नगरपालिका | सिराहा | मधेश | २.२५ |
| ६ | लक्ष्मीपुरपतारी गाउँपालिका | सिराहा | मधेश | ३.०० |
| ७ | सखुवाप्रसौनी गाउँपालिका | पर्सा | मधेश | ३.७५ |
| ८ | बहुदरमाई नगरपालिका | पर्सा | मधेश | ४.५० |
| ९ | पिपरा गाउँपालिका | महोत्तरी | मधेश | ४.५० |
| १० | विष्णुपुर गाउँपालिका | सिराहा | मधेश | ४.५० |
| ११ | आठबीस नगरपालिका | दैलेख | कर्णाली | ४.५० |
| १२ | मेलौली नगरपालिका | बैतडी | सुदुरपश्चिम | ४.५० |
| १३ | भँगाहा नगरपालिका | महोत्तरी | मधेश | ४.७५ |
| १४ | हरिपुर्वा नगरपालिका | सर्लाही | मधेश | ४.७५ |
| १५ | शहीदनगर नगरपालिका | धनुषा | मधेश | ५.०० |
| १६ | जिराभवानी गाउँपालिका | पर्सा | मधेश | ५.०० |
| १७ | फतुवाबिजयपुर नगरपालिका | रौतहट | मधेश | ५.०० |
| १८ | बिष्णुपुर गाउँपालिका | सप्तरी | मधेश | ५.०० |
| १९ | बलरा नगरपालिका | सर्लाही | मधेश | ५.०० |
| २० | कर्जन्हा नगरपालिका | सिराहा | मधेश | ५.०० |

उल्लेखित तथ्याङ्क हेर्दा ६ वटा स्थानीय तहको ३ अङ्क वा सो भन्दा न्यून र अन्य १४ वटा स्थानीय तहको ५ अङ्क वा सो भन्दा न्यून प्राप्तांक देखिन्छ । यसरी हेर्दा २० वटै स्थानीय तहको प्राप्तांक ५ वा सो भन्दा न्यून रहेको छ ।

## ३.१.५.५ सेवाप्रवाह

यस अन्तर्गत निम्न सूचकहरु रहेका छन् ।

- स्थानीय तहबाट नागरिकलाई उपलब्ध गराउनुपर्ने सेवाप्रवाहका सम्बन्धमा कार्यपालिकामा छलफल भइ सेवाप्रवाहका सम्बन्धमा गरिएका निर्णयको कार्यान्वयन भएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ११),
- सबै वडामा आफ्नै भवनबाट कार्यालय सञ्चालन र सेवाहरु प्रवाह भएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा १२),
- स्थानीय तहको सेवाप्रवाहबाट नागरिकहरु सन्तुष्ट भएको,
- सेवा प्रवाह गर्दा प्रविधिमा आधारित टोकन अनलाइन रजिष्ट्रेसन वा कम्प्युटर विलिङ प्रविधिको प्रयोग गरिएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा २ङ)
- सेवाप्रवाहको मापदण्ड(SOP) तयार भई कार्यान्वयन भएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा २ ङ),
- सबै भुक्तानीहरु बैङ्किङ्ग प्रणाली epayment System बाट भएको,
- सबै वडाहरुमा वडाध्यक्षको अनुपस्थितिमा निजले उपलब्ध गराउनुपर्ने सेवाको वैकल्पिक व्यवस्था गर्ने गरेको,
- गुनासो तथा उजुरीको व्यवस्था गरी प्राप्त गुनासो तथा उजुरीको पछ्यौंट भएको,
- सामाजिक सुरक्षाको भत्ता बैंकमार्फत भुक्तानी भएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा २),
- घटना दर्ता ३५ दिनभित्र गरेको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा४)
- प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गरेको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७८ को उपदफा ५),
- सेवाप्रवाह सहज बनाउन आवश्यकता अनुसार घुम्ती सेवाको सञ्चालन गरेको,
- विद्यार्थी भर्नादर ९० प्रतिशत भन्दा बढी भई गत बर्षको तुलनामा विद्यालय छोड्ने दर ५० प्रतिशत भन्दा बढीले घटेको,
- स्वास्थ्य संस्थाहरुमा जनशक्ति उपकरण र औषधि आवश्यकता अनुसार उपलब्ध भएको र बालबालिकाले पूर्ण खोप सहित स्वास्थ्य सेवामा नागरिकको पहुँच पुगेको,

- सबै कृषि तथा पशु सेवाकेन्द्रमा आवश्यक जनशक्ति र माग अनुसारको सेवा र प्रविधि उपलबध भएको,
- स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणका लागि नीतिगत र कार्यक्रमगत व्यवस्था गरी बजार व्यवस्थापन गरेको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा २ण)।

| सि.नं. | स्थानीय तहको नाम | जिल्ला | प्रदेश | सेवा प्रवाह |
|---|---|---|---|---|
| १ | मेलौली नगरपालिका | बैतडी | सुदुरपश्चिम | २.५० |
| २ | बहुदरमाई नगरपालिका | पर्सा | मधेश | ४.५० |
| ३ | धनौजी गाउँपालिका | धनुषा | मधेश | ५.५० |
| ४ | बिन्दबासिनी गाउँपालिका | पर्सा | मधेश | ५.५० |
| ५ | रामधुनी नगरपालिका | सुनसरी | कोशी | ६.०० |
| ६ | सोनमा गाउँपालिका | महोत्तरी | मधेश | ६.०० |
| ७ | औरही गाउँपालिका | सिराहा | मधेश | ६.५० |
| ८ | बुंगल नगरपालिका | बझाङ | सुदुरपश्चिम | ६.७५ |
| ९ | महादेवा गाउँपालिका | सप्तरी | मधेश | ७.०० |
| १० | कालिका माई गाउँपालिका | पर्सा | मधेश | ७.५० |
| ११ | जिराभवानी गाउँपालिका | पर्सा | मधेश | ७.५० |
| १२ | धोबीनी गाउँपालिका | पर्सा | मधेश | ७.५० |
| १३ | पकाहामैनपुर गाउँपालिका | पर्सा | मधेश | ७.५० |
| १४ | सखुवाप्रसौनी गाउँपालिका | पर्सा | मधेश | ७.५० |
| १५ | कल्याणपुर नगरपालिका | सिराहा | मधेश | ७.५० |
| १६ | थासाङ गाउँपालिका | मुस्ताङ | गण्डकी | ७.५० |
| १७ | सिम्ता गाउँपालिका | सुर्खेत | कर्णाली | ७.५० |
| १८ | नगराइन नगरपालिका | धनुषा | मधेश | ८.०० |
| १९ | बर्दिबास नगरपालिका | महोत्तरी | मधेश | ८.०० |
| २० | रुपनी गाउँपालिका | सप्तरी | मधेश | ८.०० |

उल्लेखित तथ्याङ्क हेर्दा २ वटा स्थानीय तहको ५ भन्दा न्यून र अन्य १८ वटा स्थानीय तहको ८ वा सो भन्दा न्यून प्राप्तांक देखिन्छ । तुलनात्मक रुपमा यस क्षेत्रको प्रगति ४ वटा स्थानीय तह बाहेकको सन्तोषजनक नै देखिन्छ ।२० वटै स्थानीय तहको प्राप्तांक ४ भन्दा न्यून रहेको छ ।

### ३.१.५.६ न्यायिक कार्यसम्पादन

यस अन्तर्गत निम्न सूचकहरु रहेका छन् ।

- न्यायिक समिति सञ्चालनका लागि कार्यविधि निर्माण भई कार्यविधि अनुसार कार्यसम्पादन भएको(स्थानीय सरकार सञ्चालन ऐनको दफा ४६ को उपदफा १ र दफा ४९),
- मेलमिलापकर्ताको व्यवस्था गरी सूचीकृत गरेको मेलमिलाकर्ताबाट मिलापत्र गराउने गरेको,
- न्यायिक समितिको निर्णय प्रकृया र सो को अभिलेखको व्यवस्थापन भएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ४९),
- न्यायिक समितिको प्रतिवेदन तयार गरेको र सभामा पेश भइ छलफल भएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ५३),
- उजुरीको फछ्र्यौटको प्रगति र न्यायिक समितिको निर्णय उपर पुनरावेदनमा गएको अवस्था (स्थानीय सरकार सञ्चालन ऐनको दफा ४९ र ५१),
- सबै वडामा मेलमिलाप केन्द्र गठन भइ सञ्चालनमा आएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा ४९ को उपदफा १०),

| सि.नं. | स्थानीय तहको नाम | जिल्ला | प्रदेश | न्यायिककार्यसम्पादन |
|---|---|---|---|---|
| १ | खाँदबारी नगरपालिका | संखुवासभा | कोशी | ० |
| २ | बिन्दबासिनी गाउँपालिका | पर्सा | मधेश | ० |
| ३ | एकडारा गाउँपालिका | महोत्तरी | मधेश | ० |
| ४ | बलवा नगरपालिका | महोत्तरी | मधेश | ० |
| ५ | गोडैटा नगरपालिका | सर्लाही | मधेश | ० |
| ६ | मेलौली नगरपालिका | बैतडी | सुदुरपश्चिम | ० |
| ७ | सोनमा गाउँपालिका | महोत्तरी | मधेश | १.५० |
| ८ | धनौजी गाउँपालिका | धनुषा | मधेश | २.०० |
| ९ | बहुदरमाई नगरपालिका | पर्सा | मधेश | २.०० |
| १० | फेटा गाउँपालिका | बारा | मधेश | २.०० |
| ११ | फतुवाबिजयपुर नगरपालिका | रौतहट | मधेश | २.०० |
| १२ | बृन्दावन नगरपालिका | रौतहट | मधेश | २.०० |
| १३ | औरही गाउँपालिका | सिराहा | मधेश | २.०० |
| १४ | भँगाहा नगरपालिका | महोत्तरी | मधेश | २.५० |
| १५ | नाशोङ गाउँपालिका | मनाङ | गण्डकी | २.५० |
| १६ | कालिकामाई गाउँपालिका | पर्सा | मधेश | २.७५ |

| | | | | |
|---|---|---|---|---|
| १७ | शहीदनगर नगरपालिका | धनुषा | मधेश | ३.०० |
| १८ | धोबीनी गाउँपालिका | पर्सा | मधेश | ३.०० |
| १९ | पकाहामैनपुर गाउँपालिका | पर्सा | मधेश | ३.०० |
| २० | करैयामाई गाउँपालिका | बारा | मधेश | ३.०० |

उल्लेखित तथ्याङ्क हेर्दा ६ वटा स्थानीय तहको शून्य अङ्क देखिन्छ । अन्य १४ वटाको समेत ३ वा सो भन्दा न्यून प्राप्तांक देखिन्छ । यस क्षेत्रमा २० वटै स्थानीय तहको प्राप्तांक ३ भन्दा न्यून रहेको छ ।

### ३.१.५.७ भौतिक पूर्वाधार

यस अन्तर्गत निम्न सूचकहरु रहेका छन् ।

- सडक यातायात गुरुयोजना बनेको र सडकको क्षेत्राधिकार अनुसार नक्सा पास हुन गरेको,
- जोखिम संवेदनशील भूउपयोग योजना तयार भई कार्यान्वयनमा आएको यस योजना अनुसार कम्तिमा बर्षमा एउटा जग्गा एकीकरण वा जग्गा विकास वा वस्ती विकास वा सम्पदा संरक्षण योजना कार्यान्वयनमा ल्याइएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा २७ को उपदफा २),
- सार्वजनिक निजी साझेदारी सम्बन्धि नीति तर्जुमा भई कार्यान्वयनमा आएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा २४.८),
- बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधारको निर्माण भएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा २४.२),
- निर्मित पूर्वाधारको मर्मत सम्भारका लागि लाभग्राहीको योगदान सहित कोष स्थापना भएको र नीतिगत व्यवस्था अनुसार स्वीकृत वार्षिक कार्यक्रमका आधारमा कोषको उपयोग भएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा २४.३),
- आयोजनाहरुको वातावरणीय अध्ययन संक्षिप्त, प्रारम्भिक वातावरण प्रभाव मूल्याङ्कन (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) भएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा २४.२),
- राष्ट्रिय भवनसंहिता र स्थानीय भवन मापदण्डको पूर्ण रुपमा पालना भएको,
- आवश्यकता अनुसार सडकको विस्तार भएको गत वर्षको तुलनामा २५ प्रतिशत भन्दा बढीभएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा११.२),
- सडकको स्तरउन्नति गरेको गत वर्षको तुलनामा १५ प्रतिशत भन्दा बढी सडकको स्तरउन्नति भएको,

- खानेपानी सेवाको विस्तारको अवस्था र गत वर्षको तुलनामा मूल्याङ्कन अवधिमा २५ प्रतिशत बढी घरधुरीमा खानेपानीको सेवा विस्तार भएको,
- वार्षिक योजनाको कार्यान्वयनको अवस्था,
- फोहोरमैला व्यवस्थापन र यसका लागि स्पष्ट नीति निर्धारण गरी फोहोर विसर्जन केन्द्र बनाई एकीकृत फोहोर व्यवस्थापन गरिएको (स्थानीय सरकार सञ्चालन ऐनको दफा १२.२),
- औद्योगिक ग्रामको स्थापना लगायतको औद्योगिक पूर्वाधारको व्यवस्था (स्थानीय सरकार सञ्चालन ऐनको दफा११) ।

| सि.नं. | स्थानीय तहको नाम | जिल्ला | प्रदेश | भौतिक पूर्वाधार |
|---|---|---|---|---|
| १ | शहीदनगर नगरपालिका | धनुषा | मधेश | ० |
| २ | धोबीनी गाउँपालिका | पर्सा | मधेश | ० |
| ३ | पकाहामैनपुर गाउँपालिका | पर्सा | मधेश | ० |
| ४ | फेटा गाउँपालिका | बारा | मधेश | ० |
| ५ | सिम्रौनगढ नगरपालिका | बारा | मधेश | ० |
| ६ | एकडारा गाउँपालिका | महोत्तरी | मधेश | ० |
| ७ | बलवा नगरपालिका | महोत्तरी | मधेश | ० |
| ८ | सोनमा गाउँपालिका | महोत्तरी | मधेश | ० |
| ९ | फतुवाबिजयपुर नगरपालिका | रौतहट | मधेश | ० |
| १० | गोडैटा नगरपालिका | सर्लाही | मधेश | ० |
| ११ | धनकौल गाउँपालिका | सर्लाही | मधेश | ० |
| १२ | औरही गाउँपालिका | सिराहा | मधेश | ० |
| १३ | कालिकामाई गाउँपालिका | पर्सा | मधेश | ०.५० |
| १४ | बिन्दबासिनी गाउँपालिका | पर्सा | मधेश | ०.५० |
| १५ | देवताल गाउँपालिका | बारा | मधेश | ०.५० |
| १६ | मेलौली नगरपालिका | बैतडी | सुदुरपश्चिम | ०.५० |
| १७ | सिदिङ्गवा गाउँपालिका | ताप्लेजुंग | कोशी | १.०० |
| १८ | तुम्बेवा गाउँपालिका | पांचथर | कोशी | १.०० |
| १९ | मिक्ला जुङगाउँपालिका | पांचथर | कोशी | १.०० |
| २० | धनौजी गाउँपालिका | धनुषा | मधेश | १.०० |

उल्लेखित तथ्याङ्क हेर्दा १२ वटा स्थानीय तहको प्राप्तांक शून्य रहेको र अन्य ८ वटा स्थानीय तहको समेत १ वा सो भन्दा न्यून रहेको देखिन्छ । यसरी हेर्दा यस क्षेत्रमा २० वटै स्थानीय तहको प्राप्तांक १ वा सो भन्दा न्यून रहेको छ ।

### ३.१.५.८ सामाजिक समावेशीकरण

यस अन्तर्गत निम्न सूचकहरु रहेका छन् ।

- सामाजिक विभेदको न्यूनीकरण तथा छुवाछुत सामाजिक कुरीति अन्धविश्वास लैङ्गिक विभेद र हिंसाका घटनाहरुसँग सम्बन्धित उजुरीहरुमा कमी समतामूलक समाजको निर्माण भएको अवस्था,
- स्थानीय तहबाट गठन हुने उपसमिति कार्यदल लगायतका समिति वा कार्यसमूह गठन गर्दा समानुपातिक सहभागिता भएको,
- सामाजिक सुरक्षा तथा संरक्षणका लागि बालबालिका पुनस्थापना केन्द्र जेष्ठ नागरिक आश्रय अशक्त स्याहार जस्ता संरक्षणका कार्य भएको,
- घरेलु हिंसा अन्त्यका लागि बहस पैरवी तथा चेतनामूलक अभियानको अवस्था,
- लैङ्गिक उत्तरदायी बजेट परीक्षण भई सोही अनुसार योजना तथा कार्यक्रम तर्जुमा गरेको,
- महिलाविरुद्ध हुने घरेलु हिंसाको घटनामा कमी वा घटना नभएको,
- बालश्रम, बालविवाह , बहुविवाह , दाइजो , दहेज , बोक्सी , छाउपडी जस्ता कुप्रथाको अन्त्यका लागि योजना कार्यक्रम तथा बजेट तर्जुमाको अवस्था,
- महिला, दलित , अपाङ्गता वा सिमान्तकृत समूहका व्यक्ति अध्यक्ष भएका उपभोक्ता समितिको संख्या,
